# कालिकामाई गाउँपालिका

स्थानिय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७९/१२/२९

## भाग १

## कालिकामाई गाउँपालिका शिक्षा ऐन, २०७९

### प्रस्तावनाः

नेपालको संविधान २०७२ को धारा ३१ र अनुसूचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज अनुसार कार्य गरी कालिकामाईगाउँपालिका र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल शिक्षाको गुणस्तरीयता वृद्धी र सवै वर्ग तथा समुदायको पहुँच कायम गर्न, गराउन गाउँपालिका क्षेत्रमा स्थापना भएका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गरी समयनुकूल सीप र प्रविधिसहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकालेनेपालको संविधानको धारा २२२ अनुसार गठित कालिकामाई गाउँपालिकाको गाउँसभाले संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम यो ऐन बनाइएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम " कालिकामाई गाउँपालिका शिक्षा ऐन २०७९" रहेको छ।

(२) यो ऐनकालिकामाईगाउँपालिका भर लागु हुनेछ।

(३) यो ऐन गाउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भई लागु हुनेछ।

**२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) "गाउँपालिका" भन्नाले कालिकामाईगाउँपालिका सम्झनु पर्दछ।

(२) "अध्यक्ष" भन्नाले यस कालिकामाईगाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(३) "उपाध्यक्ष" भन्नाले कालिकामाईगाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(४) "कार्यपालिका" भन्नाले कालिकामाईगाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिकामाईगाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ, यसले कार्यपालिका र गाउँ सभाको सदस्य सचिव समेत जनाउछ।

(६) "कार्यालय" भन्नाले कालिकामाईगाउँपालिकाको कार्यपालिका कार्यालय सम्झनु पर्दछ।

(७) "गाउँ सभा" भन्नाले कालिकामाईगाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(८) "कार्यपालिका सदस्य" भन्नाले कालिकामाईगाउँपालिकाको कार्यपालिका सदस्यहरुलाई सम्झनु पर्दछ, सो

शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउछ ।

(९) "सभा सदस्य" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभा सदस्य सम्झनु पर्दछ, सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष कार्यपालिका सदस्य समेतलाई जनाउछ ।

(१०) "मन्त्रालय" भन्नाले शिक्षा हेर्ने मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(११) "बिषयगत शाखा" भन्नाले कालिकामाई गाउँपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनु पर्दछ ।

(१२) "वडा सचिव" भन्नाले कालिकामाईगाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनु पर्दछ ।

(१३) "वडा समिति" भन्नाले कालिकामाईगाउँपालिकाको वडा समितिहरु सम्झनु पर्दछ ।

(१४) "ऐन"भन्नाले कालिकामाईगाउपालिकाको शिक्षा ऐन२०७९ लाई सम्झनु पर्दछ । सो शब्दले संघीय, प्रदेश सरकार र कालिकामाईगाउँपालिकाले पारित गरेका अन्य ऐनहरु समेतलाई जनाउछ ।

(१५) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षालाई वुझाउछ ।

(१६) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षालाई वुझाउछ ।

(१७) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई वुझाउछ ।

(१८) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई वुझाउछ ।

(१९) "प्राविधिक तथा व्यवशायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवशायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई बुझाउछ । यसले ननएकेडेमिक जस्तै सीप, दक्षता र सिकाइ प्रदान गर्ने शिक्षालाई समेत जनाउछ ।

(२०) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त र यस ऐन जारी भएपछि कालिकामाईगाउँपालिकावाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयहरुलाई वुझाउछ ।

(२१) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय र यस ऐन जारी भएपछि कालिकामाईगाउँपालिकावाट अनुमति वा स्वीकृति प्राप्त निजि तथा सार्वजनिक स्वमित्व प्राप्त विद्यालयलाई वुझाउछ ।

(२२) "प्राविधिक शिक्षलय" भन्नाले व्यक्ती, सस्था, निकाय, समुदायको पहलमा वा कालिकामाईगाउँपालिकाको वाट स्थापना गरिएको नाफा रहित अथवा व्याबशायिक रुपमा सञ्चालन अनुमति वा स्वीकृति प्राप्त र यस ऐन जारी भएपछि कालिकामाईगाउँपालिकाको वाट अनुमति वा स्वीकृति प्राप्त प्राविधिक तथा व्यवसायिक शिक्षा दिन स्थापित शिक्षलय/विद्यालयलाई वुझाउछ ।

(२३) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई वुझाउछ ।

(२४) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नकालागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

(२५) "सहकारी विद्यालय" भन्नाले विद्यालय सञ्चालन गर्नकालागि कुनै सहकारीले सहकारीताको माध्यमवाट विद्यालय सञ्चालन गर्ने उद्धेश्यले स्थापना गरेको संस्थागत विद्यालयलाई वुझाउछ ।

(२६) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलि आएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(२७) "व्यवस्थापन समिति"भन्नाले परिच्छेद ५ बमोजिमको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(२८) "प्रधानाध्यापक"भन्नाले नियम (४५) बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्दछ ।

(२९) पुर्व प्राथमिक शिक्षा भन्नाले ४ बर्ष उमेर पुगेका वालवालिकालाई एक वर्ष दिइने शिक्षालाई वुझाउछ ।

(३०) “प्रारम्भिक बाल विकास शिक्षा” भन्नाले ४ बर्षमुनिका  बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिवाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासकालागि  सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल  विकास शिक्षालाई वुझाउछ ।

(३१) “पाठ्यक्रम विकास केन्द्र”भन्नाले संघीय ऐन वमोजिम  पाठ्यक्रम निर्माणकोलागि जिम्मेवार निकायलाई सम्झनु  पर्दछ ।

(३२) “शिक्षा अधिकारी” भन्नाले गाउँपालिका भित्रको शिक्षालाई  व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन,  अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका  कार्य गर्न तोकिएको कर्मचारी वुझाउछ ।

(३३) “निरीक्षक”भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको  अधिकृत/कर्मचारीलाई सम्झनु पर्दछ ।

(३४) “स्रोतकेन्द्र” भन्नाले गाउँपालिकाकोभित्र रहेका  विद्यालयहरुको समूह बनाई पायक पर्ने स्थानमा  कार्यालय रहने गरी गाउँपालिकाको क्षेत्र भित्रका  विद्यायलहरुको शैक्षिक गतिविधिहरु सञ्चालन हुने  केन्द्रलाई वुझाउछ ।

(३५) “स्रोतव्यक्ति” भन्नाले स्रोतकेन्द्रको प्रमुख पदमा नियुक्त  भएका व्यक्तिलाई वुझाउछ ।

(३६) “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका  अन्य कर्मचारी वुझाउछ ।

(३७) “शैक्षिक सत्र”भन्नाले विद्यालयमा अध्ययन अध्यापन  गराइने वार्षिक अवधी सम्झनु पर्दछ ।

(३८) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले  स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(३९) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको  विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको  स्थायी स्वीकृतिलाई जनाउँछ ।

(४०) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन  अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ ।

## परिच्छेद-२
## विद्यालय खोल्ने अनुमति वा स्वीकृति, गाभ्ने र खारेजी सम्वन्धी  व्यवस्था

३. **विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक वा नेपाली नागरिक, सस्था, निकाय र  समुदायले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय  खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँ  कार्यपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका  लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर  गाउँपालिकाको शिक्षा अधिकारीले आवश्यक जाँचवुझ गर्ने  र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव  देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी शिक्षा  समितिको निर्णयको आधारमा अनुमति, दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको निर्णयको आधारमा कार्यपालिकाले स्वीकृति  प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न  तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन्।

(५) सामुदायिक (समुदायको पहल र सामुदायिक स्वमित्व हुने) र गाउँपालिकाको स्वमित्वमा रहने विद्यालय/शिक्षलय वाहेकका अन्य कुनैपनि विद्यालय/शिक्षलय सरकारी वा  सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति  दिइने छैन ।

(६) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको  भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा  देहायबमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित  संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी  भए कम्तीमा ७ (सात) जना र निजी गुठी भए कम्तीमा ५ (पाँच) जना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम  खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो  जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा

कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँ शिक्षा समितिको पुर्व स्वीकृति लिनु पर्नेछ ।

(७) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(८) उपदफा (८) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्था सँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइनेछैन । तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ ।

(१०) उपदफा ७, ८, ९ मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई तोकिए बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ ।

(११) नेपाल सरकारको प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल कालिकामाईगाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने विद्यालय/शिक्षालय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ । संञ्चालनमा रहेका सस्थागत विद्यालय/शिक्षालयहरुले यो ऐन जारी भएको मितीले १ (एक) महिना भित्र नियमित गर्न/गराउन तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन कालिकामाईगाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(१२) विद्यालय सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४.गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) गाउँपालिकाले हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूलाई दुरी, विद्यार्थी सङ्ख्या, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न उपयुक्त कारण देखिएका सो खोली गाउँ शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१)बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्ध गर्ने:**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने:**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्युसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७.विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, नन एकेडेमिक शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

कार्यपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, ननएकेडेमिक शिक्षा(शिप र प्रविधिको ज्ञान दिने), निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८.प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्था:**

(१) गाउँपालिकाको स्विकृतीमा सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्द को सञ्चालन गर्न सकिनेछ ।

(२) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्द को

सञ्चालन स्विकृतीकोलागी तोकिए वमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

(३) सामुदायीक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न स्विकृती, अनुमतीको लागी गाउँसभाले तोके वमोजिमको शुल्क दस्तुर लाग्नेछ।

(४) प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:**

(१)गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, प्रविधिको ज्ञान शिप दक्षता र निरन्तर शिक्षा सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) यस अघि गठन भई सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरु यसै ऐन वमोजिम गठन भएको मानिने छ।

(३) उपदफा (२) वमोजिमका सामुदायिक सिकाइ केन्दहरुले यस ऐन जारि भएको १ महिना भित्र दर्ता नियमितकालागी कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) वमोजिम प्राप्त निवेदन उपर आवश्यककारवाही गरी गाउँ शिक्षा समितिको निर्णयमासामुदायिक सिकाइ केन्द्रहरु प्रमुख प्रशासकीय अधिकृतले दर्ता नियमित गरी प्रमाणपत्र जारी गर्नेछ।

## परिच्छेद-३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**१०. माध्यमिक शिक्षाको प्रकार:**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन:

(१) साधारण माध्यमिक शिक्षा

(२) संस्कृत माध्यमिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

(४) धार्मिक शिक्षा

**११. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको र अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**१२. विद्यालयको वर्गीकरण:**

**विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिने छ।**

**१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक:**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ।

(२) विद्यालयले नेपाल सरकारले तोकेको मापदणडभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ। सो प्रयोजनका लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ।

(३) कुनैपनि विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रमका अतिरिक्त तोकिएका पुस्तक वाहेक गाउँ शिक्षा समितिको पुर्व स्विकृती लिई थप पुस्तकहरु समावेश गरी पठन पाठन गराउन सक्नेछ।

(४) पाठ्यक्रम विकास केन्द्रले तोकेमा वा गाउँपालिकाले अन्यथा व्यवस्था गरेकोमा वाहेक विद्यालयहरुले कुनैपनि

वहानामा ५ वर्ष सम्म तोकिएका पाठ्यपुस्तकमा परिवर्तन गराउन पाउने छैन ।

(५) पाठ्यपुस्तक परिवर्तन गर्न परेमा आवधिक समिक्षागरी कारण सहित शिक्षा समितिको पुर्व स्विकृती लिनु पर्नेछ ।

(६) गाउँपालिकाले सामुदायिक विद्यालयमा गुणस्तर र भाषा शिक्षामा सुधार ल्याउन गरिने प्रयासको हकमा उपदफा (४) ले रोकेको मानिने छैन ।

**१४. परीक्षा सञ्चालनः**

परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ । तर आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) गाउँपालिकाले संचालन गर्नेछ ।

## परिच्छेद -४

## गाउँपालिका शिक्षा तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, गाउँ शिक्षा अनुगमन समिति र गाउँपालिका शिक्षा प्रमुख सम्वन्धी व्यवस्था

**१५. गाउँपालिका शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको गाउँपालिका शिक्षा समिति रहनेछः

(क) गाउँ कार्यपालिकाको अध्यक्ष वा निजले तोकेको एकजना गाउँ कार्यपालिकाको सदस्य- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) कार्यपालिकावाट अध्यक्षको सिफारिसमा कम्तिमा १ महिला सहित ३ जना — सदस्य

(घ) शिक्षक अभिभावक संघ अध्यक्ष मध्येप्रत्येक वर्ष परिवर्तन हुने गरीगाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना — सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरीगाउँपालिका अध्यक्षले मनोनित गर्ने १ जना — सदस्य

(च) सामूदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट प्रत्येक वर्ष परिवर्त हुने गरि समितिले तोकेको एक जना प्रधानाध्यापक — सदस्य

(छ) विशेष शिक्षा, गुठी वा परम्परागत धार्मिक विद्यालयका सञ्चालकहरुमध्येप्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिका अध्यक्षले मनोनित गर्ने १ जना — सदस्य

(ज) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरुमध्ये शिक्षा समितिले मनोनित गर्ने२ जना — सदस्य

(झ) गाउँ शिक्षा अधिकारी/शिक्षाअधिकृत/विद्यालय निरिक्षक /शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२) समितिका पदेन सदस्यबाहेक मनोनित सदस्यको पदावधि ४(चार)वर्षको हुनेछ ।

(३) गाउँ शिक्षा समितिले पुर्णता नपाएको कारणले समितिलेगर्ने निर्णय तथा तोकिए बमोजिमका कार्यहरु गर्न गराउन वाधा परेको मानिने छैन ।

(४) उपदफा (१) अन्तर्गतका मनोनित तथाअन्य सदस्यले आफ्नो पदीय आचरण पालन गरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाए उपर चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**१६. शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(१) गाउँपालिकाभित्रको शैक्षिक योजना तयार गर्ने,

(२) गाउँपालिकाक्षेत्रभित्र विद्यालय सञ्चालनकालागिअनुमति,स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्य गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(३) विद्यालयहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(५) गाउँपालिका क्षेत्रमा स्थापना भएका निजी स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक, सीपमूलकर प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम्परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(७) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(८) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने,

(९) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(१०) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(११) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने।

(१२)संस्थागत विद्यालय तथा शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(१३) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(१४) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरू लाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(१५) गाउँपालिका शिक्षा समितिले गाउँपालिका भित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदानकोटा ( राहतकोटा) र बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई करारमा शिक्षक/सहयोगी कार्यकर्ता राख्नु पर्ने भएमा शिक्षक छनौट समिति गठन गरी सो समितिले परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्नेछ ।

(१६) शिक्षक छनौट समितिको कार्यविधि गाउँ कार्यपालिकाले निर्माण गरी लागू गर्नेछ ।

(१७) गाउँ शिक्षा समितिले तोकिए बमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्न सक्नेछ ।

(१८) विद्यालयको आन्तरिक आम्दानीको स्रोतको सदुपयोग र अभिवृद्धिका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(१९) गाउँपालिका भित्र शिक्षक तथा विद्यालय कर्मचारी र बालबिकास शिक्षिकाहरुको सरुवा गर्ने ।

(२०) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने ।

**<u>१७. गाउँपालिका स्तरीय शिक्षक छनौट समिति</u>**

(१) विद्यालय व्यवस्थापन समिति नरहेको अवस्थामा तत्काल करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्न जरुरी देखिएमा गाउँपालिकाभित्र रहेका विद्यालयहरुलाई स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्तापदमा करारमा राख्नु पर्ने भएमा देहाय बमोजिमको समिति गठन गरीसमितिले परीक्षा संचालन गरी योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्नेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) आवश्यकता अनुसार अध्यक्षले तोकेकोविषय विज्ञ (बढीमा ३ जना) -सदस्य

ग) शिक्षा शाखा प्रमुख/विद्यालय निरीक्षक/शिक्षाशाखा हेर्ने कर्मचारी सदस्य सचिव

(२) शिक्षक छनोट परिक्षा सम्वन्धी सम्पुर्ण प्रकृया शिक्षक छनोट समितिको निर्णयमा तोकिए बमोजिम हुनेछ ।

(३)उपदफा १ को अवस्थामा बाहेक सामूदायिक विद्यालयमा स्विकृत दरवन्दी,राहत अनुदान कोटा,शिक्षण सहयोग अनुदान कोटा,वालविकास सहजकर्ताको अनुदान कोटा,विद्यालय सहयोगी र लेखापालको अनुदान कोटामा शिक्षक तथा कर्मचारीको नियुक्ति सम्बन्धित विद्यालयले गर्नेछ र यसरी शिक्षक नियुक्तिका लागि छनौट गरि सिफारीस

गर्न विद्यालयमा एउटा विद्यालय  स्तरीय शिक्षक छनौट समिति रहने छ।

(४)उपदाफा ३ बमोजिम शिक्षक तथा कर्मचारीको नियुक्ति गर्न निम्न सदस्य सहितको एक विद्यालय स्तरीय शिक्षक तथा कर्मचारी छनौट समिति रहने छ।

| | |
|---|---|
| (क)विद्यालय व्यवस्थापन समितिका अध्ययक्ष वा निजले तोकेको सो समितिको सदस्य | अध्यक्ष |
| (ख)शिक्षा शाखा प्रमुख वा निजले तोकेको एक जना कर्मचारी | सदस्य |
| (ग)आवश्यक्ता अनुसार शिक्षा समितिका संयोजकले तोकेको विषय विज्ञ | सदस्य |
| (घ)प्रधानाध्यापक | सदस्य सचिव |

**१८. शिक्षा अनुगमन समितिः**

(१) विद्यालय शिक्षाको समग्रपक्षको अनुगमन गर्न देहायबमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| (ग) गाउँ शिक्षा समितिले तोकेको शिक्षकअभिभावक संघ अध्यक्ष मध्येबाट १ जना | सदस्य |
| (घ) सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष | सदस्य |
| (ङ)प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) गाउँसभा सदस्यहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेका एकजना महिला सहित २ जना | सदस्य |
| (छ) शिक्षा शाखा प्रमुख/विद्यालय निरिक्षक/शिक्षाशाखा हेर्ने कर्मचारी | सदस्य सचिव |

(२) अनुगमनसमितिलेगरेको अनुगमनकोप्रतिवेदन गाउँ शिक्षासमिति समक्ष आवधिक रुपमा बुझाउनु पर्नेछ ।

(३) अनुगमन समितिको काम, कर्तव्य र अधिकार तथा समिति  सञ्चालन विधी तोकिए बमोजिम हुनेछ ।

**१९. गाउँपालिका शिक्षा अधिकारी/ शिक्षा शाखा प्रमुख :**

गाउँपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछ, निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) शिक्षा सम्बन्धी स्थानीय योजना गाउँपालिका गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(३) विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,

(६) सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने, कार्यको योजना वनाई पेश गर्ने र स्विकृत भएपछी कार्यान्वयन गर्ने गराउने ।

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी  व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा  तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरवन्दी अनुसार तलब भत्ता निकासा गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(९) वार्षिक रुपमा विदार्थी सङ्ख्याको अनुपातमा शिक्षककर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

(१०) विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण  गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण,

शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१२) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्बन्धी तथा आफ्नो पदिय कार्य गर्दा अध्यक्ष प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

(१४) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने ।

(१५) संस्थागत विद्यालयको सञ्चालन व्यवस्थापन र नियमनको व्यवस्था मिलाउने,

(१६) प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

(१७)शिक्षा समितिको निर्णयलाई कार्यान्वयन गर्ने,गराउने।

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२०. सामुदायीक विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरू मध्येबाट सर्वसम्मत छानी पठाएका दुईजना महिलासहित ४ जना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले सिफारिस गरेको १ जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीयबुद्धिजीवी, शिक्षाप्रेमी, दाताहरूमध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको १ महिला सहित २ जना –सदस्य

(घ) शिक्षक अभिभावक संघ अध्यक्ष –सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छनौट गरी पठाएको १ जना शिक्षक -सदस्य

(च) विद्यालय वाल क्लव वाट वा विद्याथीहरुमध्येएक वालिका र एक वालक स्थाई आमन्त्रित -सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

(२) व्यवस्थापन समिति अध्यक्ष उपदफा (१) को (क) र (ग) मध्ये वाट सर्वसम्मतीले छनोट गर्नेछ । सर्व सम्मत हुन नसकेमा गाउँपालिका शिक्षा समितिले तोके अनुसार हुनेछ ।

(३) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापनसमितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरू मध्ये गाउँ शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य रहनेछन्।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा समितिका ज्येष्ठ सो समितिको अध्यक्ष हुनेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका (फरक क्षमता) व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समिति स्वयंले गर्नेछ ।

(७) व्यवस्थापन समितिको कार्यकाल वढीमा ३ वर्षको हुनेछ ।

(८) व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा जुनसुकै समयमा गाउँ शिक्ष समितिले व्यवस्थापन समितिको विघटन गर्न सक्नेछ ।

(९) समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण पालना गरेकोनदेखिएमा गाउँ शिक्षा समितिले पदिय आचरण र जिम्मेवारी पुरा नगर्ने अध्यक्ष वा सदस्य वा सवैलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(१०) उपदफा (९) वमोजिम कारवाही गर्दा पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन । यस ऐन बिपरितको कुनै कार्य सम्वन्धमा अन्य सजायको

व्यवस्था भएको  अवस्थामा न्यायिक समितिमा उजुर लाग्नेछ ।
(११) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,  कर्तव्य र अधिकारः**

(१) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(२) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
(३) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र  विवरण अद्यावधिक गर्ने,
(४) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानाकारी गाउँपालिकालाई दिने,
(५) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाकोआधारमा विद्यालयको वातावरण विगार्न नदिने,
(६) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,
(७) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,
(८) गाउँपालिकामा सुचिकृत रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गर्ने, गराउने,
(९) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,
(१०) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएका निर्देशनहरूको पालना गर्ने,
(११) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,
(१२) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने,
(१३) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।
(१४) बैठक सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

**२२. संस्थागत विद्यालय व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएकाव्यक्ति -अध्यक्ष
(ख) अभिभाव भेलाबाट छानिएका कम्तीमा १ जना महिला सहित २ जना सदस्य
(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट समितिले मनोनित गरेको १ जना –सदस्य
(घ) सम्बन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानीएको १ जना शिक्षक –सदस्य
(ङ) विद्यालय रहेको सम्बन्धित वडा समितिवाटवडा समितिले सिफारिस गरेको एकजना –सदस्य
(च) शिक्षक अभिभावक संघ अध्यक्ष –सदस्य
(छ) विद्यालय वाल क्लव वाट १वालिका १वालक गरी २ जना स्थाई आमन्त्रित -सदस्य
(ज) गाउँ शिक्षा समितिले तोकेको –सदस्य
(झ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिको अध्यक्ष तथा सदस्यको पदावधि ३ वर्षको हुनेछ ।
(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा समितिका ज्येष्ठ सो समितिको अध्यक्ष हुनेछ ।
(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका (फरक क्षमता) व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।
(५) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण  गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समितिको सिफारिस  अनुसार हुनेछ ।
(६) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र  अधिकारः**

(१) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(२) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(३) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(४) गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्य पुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(५) प्रचलित कानून बमोजिम शिक्षक पदका लागि उम्मेदवार हुने योग्यता पुगेकाव्यक्तिलाई शिक्षक छनौट समितिको अनुमित लिई शिक्षक पदमा नियुक्ति गर्ने,

(६) गाउँपालिकाले तोकेबमोजिमको न्यूनतम तलबस्केलमा नघटाई शिक्षकलाई तलबको व्यवस्था गराउने,

(७) अनुशासनहीन शिक्षक तथा कर्मचारीलाई कारवाही गर्ने,

(८) शिक्षा ऐन, नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै ऐन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालना गर्ने गराउने,

(९) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन वडा शिक्षा समिति मार्फत गाउँ शिक्षा समितिमा पेश गर्ने ।

**२४. विद्यालय व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था**

(१) विद्यालयले सङ्कलन गर्ने सवै प्रकारका शिक्षण शुल्क, कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने प्रारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्तिलगायतका विषयमा गाउँ शिक्षा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) बैठक सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

(५) कुनै पनि व्यक्ति एक भन्दा बढी विद्यालय व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

**२५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी वडा समितिमार्फतवा सिधै गाउँ शिक्षा समितिले कारणसहित गाउँपालिका कार्यालयमा सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिकाले तोकिएको प्रक्रिया पुरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नसक्नेछ ।

**२६. विद्यालय सञ्चालन कार्यविधिः**

(१) यो ऐन वा प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराई गाउँ शिक्षा समितीको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति र प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक कार्यविधिको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गरी स्विकृती लिनु पर्नेछ ।

(५) गाउँपालिकाले गाउँको शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न, आवश्यकता अनुसार

नमूना विद्यालय स्थापना गर्न वा हाल संचालित सामुदायिक विद्यालयहरुमध्येबाट नमूना विद्यालयको रुपमा छनौट गरी संचालन गर्ने सक्नेछ । नमूना विद्यालयलाई सम्वन्धित विषयमा आवश्यक स्वयम्‌सेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

(६)गाउँपालिकाले आवश्यक्ताको आधारमा गाउँ सभाबाट बजट विनियोजन गरि स्वयंसेवक शिक्षकको दरवन्दी सृजना गरि तहगत र विषयगत रपमा स्वयंसेवक शिक्षक नियुक्ति गर्न सक्ने छ।

(७)उपदफा ६ बमोजिम स्वयंसेवक शिक्षक नियुक्त गर्दा आधारभुत तह(१-५) साधारण,आधारभूत तह(६-८) विषयगत र माध्यमिक तह (९-१०) विषयगत रुपमा आवश्यक्ताको आधारमा गरिने छ।

(८)यसरी उपदफा ६ बमोजिम नियुक्त गरिएका स्वयंसेवक शिक्षकलाई आवश्यक्ता,औचित्य र स्रोतको आभावमा जुनसुकै बखत हटाउन सकिने छ र त्यसरी हटाउदा कुनै पनि अदालतमा उजुर वाजुर लाग्ने छैन।

(९)स्वयंसेवक नियुक्त गर्न कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्ने छ।

## परिच्छेद -६
## आर्थिक र जिन्सी व्यवस्था, लेखा र लेखापरीक्षण तथा अन्य व्यवस्था

**२७. गाउँ शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एउटा गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२८. कोष सञ्चालनः**

(१) कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**२९. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**३०. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक स्रोत र सूत्रको आधारमा गाउँपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तरकायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**३१. प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्र तथा प्रारम्भिक बाल विकास सिकई केन्द लाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**३२. शुल्क सम्वन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाबाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पच्चीस हजार देखी एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३३. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । कक्षा पाँच सम्मका विद्यार्थीहरुलाई तोकिए बमोजिम खाजाको व्यवस्था गरिने छ ।

**३४.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० (दश) प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति गठन गर्नेछ । प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको तथा गराउने आधार सहितको छात्रवृत्तिको विवरण गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँ शिक्षा समितिमा पेश भएको छात्रवृत्ति विवरणमा त्रुटी वा अन्यथा देखिएमा पुनरावलोकन गर्न गाउँ शिक्षा समितिले सम्वन्धित विद्यालयलाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशनपालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

**३५. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाको हुनेछ । अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षाकोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ, कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीकोनाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिसमा स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृतिबेगर बेचविखन गर्न पाइने छैन ।

**३६. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र

सुविधा तोकिए बमोजिम हुनेछ ।

**३७. लेखा र लेखापरीक्षणः**

(१) विद्यालयले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखापरीक्षक बाट वार्षिक रुपमा लेखापरीक्षण गराउनु पर्नेछ ।

(३) विद्यालयको लेखापरीक्षणका लागि सूचिकृत मध्यवाट गाउँ शिक्षा समितिले लेखापरीक्षक तोकिदिनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा तथा नियमन सम्वन्धी व्यवस्था

**३८. दरबन्दी मिलानः**

आवश्यक मापदण्डसहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले प्रत्येक वर्षको चैत्र महिना भित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ । हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम गाउँ कार्यपालिका मातहत रहनेछ ।

**३९. शैक्षिक योग्यताः**

विद्यालयको शिक्षक, कर्मचारी एवम् वालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**४०. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**४१. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः**

(१) दफा (४८) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४३. शिक्षकको नियुक्ति, बढुवा र सरुवाः**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था दफा १७. शिक्षक छनौट समितिले गरेको छनोट सिफारिसमा परेकालाई तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय शिक्षक, कर्मचारी तथा वाल विकास सहयोगी कार्यकर्ताको योग्यता र सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करार, अनुदानकोटा (राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमति लिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा निरन्तर २ बर्ष सम्म सेवा गरेका शिक्षकहरूलाई गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिको सहमति नलिई गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ । तर महिला र अपाङ्गता भएका शिक्षकलाइ अपायक पर्ने गरी सरुवा गरिने छैन ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

(६) शिक्षकको बढुवा प्रयोजनका लागि तोकिए बमोजिमको पद निर्धारण गरिनेछ ।

**४४. तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

दफा (४१) को उपदफा (२) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन्र सो अवधि सेवामा गणनासमेत हुनेछैन ।

**४५. प्रधानाध्यापक तथा कर्मचारी सम्वन्धी व्यवस्थाः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा गाउँपालिकाले स्वीकृत गरे बमोजिमको एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) उपदफा (१)बमोजिमका प्रधानाध्यापकको पदावधि सामान्यतयाः ३ वर्षको हुनेछ । कार्यसम्पादन र कार्यजिम्मेवारीका आधारमा पुनः नियुक्ति हुन सक्नेछ ।

(३) कार्ययोजना र कार्यदक्षताका आधारमा गाउँ शिक्षा समितिले सिफरिस गरेका शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गरिनेछ ।

(४) श्रोत साधन पर्याप्त भएको अवस्थामा शिक्षा समितिको सिफरिसमा प्रधानाध्यापकलाई थप सेवा सुविधाको व्यवस्था गर्न, गराउन सकिनेछ ।

**४६. स्थायी आवासीय अनुमति लिन नहुनेः**

सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**४७. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा गाउँ कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापनवा अन्य व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा,

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

**४८. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोकेबमोजिम सजाय हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य

गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा, (झ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) कानूनबमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन्सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**४९. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**५०. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवशयक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद-८
## विविध

**५१. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

**५२. बालबालिकाहरूलाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन । तर बालबिज्याई गरेको अवस्थामा बालवालिकलाई आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मनिनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**५३. प्रगति विवरण बुझाउनु पर्नेः**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**५४. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित शिक्षा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वियनका लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(३) कार्यापालिकाले समग्र शिक्षा क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**५५. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा गाउँपालिकाले विज्ञापन गरी तोकिए बमोजिम पदपुर्ति गर्न सक्नेछ ।

**५६. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । उक्त आदेश गाउँ सभाले अनुमोदन गरेको हद सम्म कायम हुनेछ ।

**५७. बचाउ र लागु नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएको यस ऐनका दफा रउपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(४) यसअघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

**आज्ञाले**
**अमित कुमार गिरी**
**प्रमुख प्रशासकिय अधिकृत**